# ७० वर्ष उमेर पुगेका जेष्ठ तथा अशक्त अपाङ्ग नागरिकहरु लाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यबिधी २०७९

(कार्यपालिकाको निर्णय मितिः २०७९।०६।१४)

शारदा नगरपालीका

नगर कार्यपालीकाको कार्यालय

खलंगा, सल्यान

कर्णाली प्रदेश

नेपाल

यस शारदा नगरपालिका, सल्यानका ७० वर्ष उमेर पुगेका जेष्ठ तथा अशक्त अपाङ्ग नागरिकहरु स्वास्थ्य संस्थामा पुग्न कठिन हुने भएको हुँदा त्रैमासिक रुपमा उहाँहरुको घरमै पुगि स्वास्थ्य जाँच र उपचार गर्न वान्छनीय भएको हुँदा कार्यक्रम सञ्चालनका लागि यो कार्यविधि बनाई जारी गरिएको छ ।

## ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिक तथा अशक्त अपाङ्गहरु लाई घरमा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०७९

**१) संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम ७० वर्ष उमेर पुगेका जेष्ठ तथा अशक्त अपाङ्गहरु नागरिक लाई घरमा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०७९ रहेको छ ।

यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) “नगरपालिका” भन्नाले शारदा नगरपालिकाको कार्यालय, सल्यानलाई बुझाउने छ ।

ख) “नगरसभा ” भन्नाले शारदा नगर कार्यपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ग) “कार्यपालिका” भन्नाले शारदा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्ने छ ।

घ)“स्वास्थ्यकर्मी” भन्नाले प्रचलित कानुन बमोजिम मान्यता प्राप्त स्वास्थ्यकर्मी मध्य स्थानीय तहमा रहेका स्वास्थ्य संस्थामा कार्यरत व्यक्ति लाई सम्झनु पर्दछ ।

ङ) “स्वास्थ्य संस्था” भन्नाले शारदा नगरपालिका भित्र सञ्चालित ७ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र २ वटा शहरि स्वास्थ्य केन्द्रलाई सम्झनु पर्दछ ।

च) “सेवाग्राही” भन्नाले यस नगरपालिका भित्रका ७० वर्ष पुगेका जेष्ठ तथा अशक्त अपाङ्ग नागरिकहरु व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

छ) “स्वास्थ्य सेवा” भन्नाले यस कार्यविधि बमोजिम सेवाग्राहीले प्राप्त गर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवा सम्झनुपर्छ।

ज) “यातायात खर्च” भन्नाले सेवा प्रदायकहरुलाई उपलब्ध गराउने रकमलाई सम्झनु पर्नेछ ।

**३) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने** :

क) ७० वर्ष पुगेका जेष्ठ तथा अशक्त अपाङ्ग नागरिकहरुको स्वास्थ्य समस्या निदान तथा उपचारका लागि स्वास्थ्यकर्मीहरु द्धारा अनुसूची ३ मा उल्लेखित सेवाहरु प्रदान गर्नु पर्नेछ ।

ख) अनुसूची ३ बमोजिम सेवा प्रदान गर्दा स्वास्थ्य कार्यालय सँग समन्वय गरि ७० वर्ष पुगेका जेष्ठ तथा अशक्त अपाङ्ग नागरिकहरुमा आउन सक्ने स्वास्थ्य समस्या, निदान, उपचार, रोकथाम तथा क्षेत्रगत आवश्यकतालाई हेर्न स्वास्थ्यका अन्य विभिन्न कार्यक्रमबाट स्थानीय भाषामा जनचेतनामूलक सामाग्री उत्पादन तथा वितरण गर्नुपर्नेछ ।

ग) सेवाग्राहीको घरमा गई उपचार दिने सेवा सम्बन्धि जानकारी विभिन्न सञ्चार माध्यमद्धारा प्रसारण गरी सेवाग्राहीहरुको परिवार, महिला स्वास्थ्य स्वयं सेविका, युवा क्लब र आमा समूहलाई दिनुपर्छ ।

घ) घरमा गएर स्वास्थ्य सेवा प्रदान गर्दा विनियोजित रकमको परिधिभित्र रही स्वास्थ्य संस्थाले कार्ययोजना बनाई आ.ब. को शुरु बाटै त्रैमासिक रुपमा सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**४) रकमको व्यवस्था** : क) सेवाग्राहीको घरमा गई सेवा प्रदान गरे बापतको यातायात रकम सम्बन्धित सेवा प्रदायकको बैंक खातामा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

ख) उपदफा (क) बमोजिमको रकम उपलब्ध गराउदा वार्षिक खर्चको परिधि भित्र रहि त्रैमासिक रुपमा प्रतिबेदन प्राप्त भई सके पछि यातायात रकम उपलब्ध गराईने छ ।

**५) स्वास्थ्य सेवा प्रदायकको सेवा सुविधा** : (क) सेवाग्राहीहरुलाई घरमा गई स्वास्थ्य सेवा प्रदान गरे वापत सेवाप्रदायक स्वास्थ्यकर्मिलाई प्रति दिन रु.५००। (अक्षरुपीः पाँच सय रुपैयाँ मात्र) यातायात खर्च उपलब्ध गराउने ।

ख) उपदफा (क) बमोजिम प्राप्त गरेको रकम सम्बन्धित सेवाग्राहीको उपचार/रोकथाम र परामर्श गरे वापतको दैनिक खर्च एबं खाजा खर्च समेत सम्झनु पर्नेछ ।

ग) जेष्ठ तथा अशक्त अपाङ्ग नागरिकहरुलाई सेवा प्रदान गर्न प्रत्येक वडाका स्वास्थ्य संस्थालाई त्रैमासिक रुपमा बढीमा १० कार्य दिन तोकिएको छ । साथै दैनिक सेवा संख्या कम्तीमा १० जना हुनु पर्ने छ ।

**६) स्वास्थ्य सेवा प्रदायकको हकमाः** यस निर्देशिकाको अनुसुची १  अनुसारको प्रतिबेदन र अनुसुचि २ अनुसारको खर्चको भुक्तानीको विवरण त्रैमासिक रुपमा सम्बन्धित स्वास्थ्य संस्था मार्फत नगर पालिकामा पेश गर्नु पर्नेछ ।

**७) सुविधा वितरण :** क) यस निर्देशिका बमोजिम सेवाग्राही लाई प्रदान गरे वाफत सेवा प्रदायकको यातायात खर्चको विवरण संलग्न राखि स्वास्थ्य संस्था प्रमुख बाट प्रमाणित गरि स्वास्थ्य शाखामा पेश गर्नु पर्दछ ।

ख) सेवा प्रदान गरिएका सेवाग्राहीहरुको अभिलेख मूल दर्ता र ओ.पि.डि. रजिष्टर मा अध्यावधिक गर्नुपर्नेछ ।

**८) खर्चका क्षेत्रहरु :** यस कार्यक्रममा विनियोजित रकम देहायको शीर्षकहरुमा मात्र खर्च गर्न पाईनेछ ।

क) दफा (५) को उपदफा (क) बमोजिमको सेवा प्रदायकको यातायात खर्च ।

ख) अत्यावश्यक औषधी र उपकरण खरिद ।

ग) सेवा प्रदायकको लागि झोला खरिद ।

**९) अनुगमन तथा सुपरिवेक्षण :** सेवाको गुणस्तरीयता र सुनिश्चितता अनुगमन गर्नका लागि आवश्यकता अनुसार नगरपालिकाले अनुगमन तथा सुपरिवेक्षण गर्नु पर्नेछ ।

**१०) सेवाको पारदर्शिता :** क) सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाको विवरण, सेवाग्राहीको नाम,जातीय कोड, ठेगाना, सेवा प्रदान गरिएको मिति त्रैमासिक रुपमा सार्वजनिक गर्नुका साथै सम्बन्धित वडामा समेत जानकारी गराउनु पर्नेछ साथै सेवा सम्बन्धि सम्पूर्ण कागजातहरु सुरक्षित राखी अनुगमन गर्ने अधिकारीलाई आवश्यक परेमा देखाउनु पर्नेछ ।

ख) सबै स्वास्थ्य संस्थाहरुले वडा कार्यालयको सहयोगमा ७० वर्ष भन्दा माथिको जेष्ठ तथा अशक्त अपाङ्ग नागरिकको लगत तयार पार्नु पर्नेछ ।

**११) बार्षिक समिक्षा :** यस कार्यक्रमको प्रभावकारिता सम्बन्धित पालिकाले वर्षमा १ पटक बार्षिक समिक्षा गर्नु पर्नेछ ।

**१२) रकम भुक्तानी हुने :** सेवा प्रदान गरे वापतको रकम अनुसूची २ बमोजिम माग गर्नुपर्नेछ ।

**१३) सरकारी बाँकी सरह असुल उपर हुने :** यस कार्यक्रमको रकम दुरुपयोग भएमा सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ ।

**१४) प्रचलित कानुन बमोजिम हुने :** यस निर्देशिकामा उल्लेख भएको बिषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५) संसोधन :** नगरपालिकाले आवश्यक ठानेमा यो निर्देशिका संसोधन गर्न सक्नेछ ।

**अनुसूची - १**

**(दफा ६ संग सम्बन्धित)**

**<u>सेवा प्रदायक स्वास्थ्य संस्थाले प्रतिवेदन गर्ने फारम</u>**

स्वास्थ्य संस्थाको नाम : जिल्लाः

नगर पालिकाको नाम : वडा नं.

सेवाप्रदायकको नाम : पदः

मिति :

| दर्ता नं. | सेवाग्राहीको नाम | उमेर | लिङ्ग | सेवाको विवरण/निदान | सेवा प्रदान गरेको मिति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसुची - २

**(दफा ६ संग सम्बन्धित)**

**<u>सेवा प्रदायकले रकम माग गर्ने फारम</u>**

स्वास्थ्य संस्थाको नाम : जिल्लाः

नगरपालिकाको नाम : वडा नं.

मिति :

| क्र. सं. | सेवाप्रदायकको नाम | पद | सेवा दिएको संख्या | सेवा दिएको दिन | यातायात रकम | जम्मा पाउनु पर्ने रकम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

विवरण तयार गर्नेको

नामः

दस्तखत

स्वास्थ्य संस्था प्रमुखको

नामः

दस्तखत

## अनुसुची - ३

**(दफा ३ (क) संग सम्बन्धित)**

७० वर्ष उमेर पुगेका जेष्ठ तथा अशक्त अपाङ्ग नागरिकलाई प्रदान गरिने सेवाहरु

घरमै गई दिईने आधारभुत स्वास्थ्य सेवाहरु निम्नानुसार हुनेछन :

1) General Examination
2) Blood Sugar test.
3) Dressing and Bandaging .
4) Counseling and Treatment

स्वास्थ्यकर्मीहरुले घरैमा गई स्वास्थ्य सेवा प्रदान गर्दा तपशिल बमोजिमको स्वस्थ्य सामाग्री संलग्न रहेको Kit-Box को प्रयोग गर्नेछन ।

1) BP set, Thermometer and ENT set.
2) Gluco meter and test strips
3) Povidive iodine
4) Examination gloves.
5) Dreesing Set

**Basic Medicine :** Paracetamol 500 mg, Ibuprofen 400mg, Albendazole 400mg, Salbutamole 4mg, Folic acid/Ferrous sulphate, Amoxycilline 500mg, Chlorpheniramine 4mg, Eye/Ear drop, Ranitidine, Antacid, vitamin B-complex ,Metronidazole 400 mg, clove oil, ORS, Hyoscine butylbromide, Amlodipine 5mg and Metformin hydrochloride 500mg, Diclofinac gel etc.

**नोट : आवश्यकताको आधारमा स्थानीय तहले आवश्यक औषधीहरु थप गर्न सक्नेछ ।**